# बाघचौर प्रतिबद्धता पत्र – २०८०

विकसित, समृद्ध र सुशासनयुक्त मुलुक निर्माण गर्ने वर्तमान आवश्यकता हो । यही आवश्यकताबोधका साथ सरकारले सुशासनको ऐतिहासिक कदम प्रारम्भ गरेको छ । गणतन्त्रको संस्थागत विकासमा बिलम्ब हुँदा प्रतिगमनको खतरा बढेको छ । व्यवस्था विरोधी प्रवृति र पात्रहरु सलवलाइरहेका छन् । यसका पक्षमा व्यापक जनमत सिर्जना गर्नु आम नेपालीजनको प्राथमिक गम्भीर दायित्व बनेको छ । यही शन्दर्भमा पार्टीले **घरघरमा माओवादी**, **जनजनमा माओवादीको** मुल नाराका साथ ३ महिने अभियान प्रारम्भ गरेको छ । माओवादी शहर पसेपछि बाघचौरजस्ता बस्तीहरुले हुर्काएको माओवादी पार्टीकालागि बाघचौरहरु विरानो भएको होकि भन्ने सवाल खडा भएका छन् । आफ्ना सन्तानहरु क· खिमबहादुर डिसी, क· हेमराज केसी र क· धनबहादुर थापालाई शहिदको पंक्तिमा उभ्याएको बाघचौरहरुले माओवादीलाई आफ्नो कसिलो अँगालोमा बेर्नु पर्ने अवस्था सिर्जना भएको छ । समृद्ध मुलुकको सपना सार्थक तुल्याउन गाँउ र शहरलाई जोडनु अत्याबश्यक छ । समृद्ध, विकसित र शुसासनयुक्त सल्यानको संकल्पलाई सार्थक तुल्याउन ३ महिने जनतासँग माओवादी – रुपान्तरण अभियान अभियान प्रारम्भ गरिएको छ । जनदिशा लागु गर्न, सुशासनको पक्षमा जनमत सिर्जना गर्न, रुपान्तरित माओवादी निर्माण गर्न तथा गाँउ र शहरलाई जोड्न प्रतिबद्ध हुदै बाघचौर प्रतिबद्धता पत्र – २०८० लाई तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

१. देश, जनता, रास्ट्र, रास्ट्रियता र जनजीविकाप्रति प्रतिबद्ध हुदै महान् शहिदहरुद्वारा प्रदर्शित मुक्ति मार्गमा अविचलित निरन्तर अगाडि बढने ।

२. जनतानै इतिहासका निर्माता र चालक शक्ति भएको वास्तविकतालाई आत्मसाथ गर्दै जनतामा एकाकार हुने ।

३. बलिदानको मुल्यमा प्राप्त भएको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था विरुद्धका भ्रम र षढयन्त्रहरुको भण्डाफोर गर्ने ।

४. प्रचण्ड सरकारले प्रारम्भ गरेको सुशासनको ऐतिहासिक कदमप्रति दृढ हुदै यसका पक्षमा व्यापक जनमत सिर्जना गर्ने ।

५. विकास र जनजीविकाका समस्याहरु समाधानका गर्न योजनाबद्ध पहल गर्ने । आधारभुत र अत्यावश्यक विकासलाई प्राथमिकता दिने ।

६. समृद्ध, विकसित र शुसासनयुक्त सल्यानको संकल्पलाई सार्थक तुल्याउन सुदृढ र रुपान्तरित माओवादी निर्माण गर्ने ।

नरेश भण्डारी
कृतिबहादुर पुन

इन्चार्ज
संयोजक

नेकपा (माओवादी केन्द्र)

जिल्ला समन्वय समिति, सल्यान।

मिति २०८०/०५/०८